# कलैया उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कलैया, बारा,
मधेश प्रदेश, नेपाल
(रोजगार सेवा केन्द्र)

प.सं:- २०८०/०८१
च.नः:-

मिति :-२०८०/११/३

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना !**

रोजगारीको हक सम्वन्धी ऐन २०७४ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा यस उप-महानगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सामाजिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक आय वार्षिक रु ६६,८००/- भन्दा कम रहेका १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरूले फाल्गुन मसान्त भित्रमा आफू स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगारको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, पालिकाको वेबसाइट **www.kalaiyamun.gov.np** वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** बाट डाउनलोड गर्न सकिने छ । निवेदन दिनको लागि आवश्यक कागजातहरू तपसिल वमोजिम रहेका छन् । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदन मात्र EMIS मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सवैमा अनुरोध छ ।

तपसिलः-

१. सम्बन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि ।

२. परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं) जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता बुझे / नवुझे को विवरण )

३. आवश्यकता अनुसार विवाह दर्ता तथा बसाइसराइ प्रमाणपत्रको प्रतिलिपि ।

४. सम्वन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्वर ।

**थप जानकारीको लागिः-**

**रोजगार सेवा केन्द्रः- ९८६५१७०३४८,९८४५२२४५५८,९८६५२७२९७९**

.............................................
नाथु साह
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

१) श्री वडा कार्यालयको समिति सबै १ देखि २७ सम्म आ-आफ्नो सूचना पाटिमा सूचना टाँस गरि सबै वडाबासीलाई सूचना प्रवाह गरिदिनु हुन।

२) श्री सूचना तथा प्रविधि शाखा वेभसाईट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

CamScanner